# आर्थिक संस्कार

AARTHIK SANSKAR

राष्ट्रिय साप्ताहिक

वर्ष १४ अङ्क २४२ फागुन १४, २०८१, बुधवार .ने स ११४५ पृष्ठ ८ आर्थिक संस्कार 26 February, 2025, Wednesday Price Rs 5/- www.aarthiksanskar.com


## विद्युतीय गाडीको भविष्य डामाडोल



■ आर्थिक संस्कार

पछिल्लो समय वैकल्पिक सवारी साधनको रुपमा विकसित विद्युतीय सवारीसाधनको प्रयोग र निरन्तरतामाथि निरन्तर प्रश्नचिन्ह उठिरहेको छ । चीन, अमेरिकालगायत विकसित मुलुकमा यसको प्रयोग र विश्वसनीयता देखिए पनि नेपालजस्ता देशमा भने यस्ता गाडीको प्रयोगमा अझै केही दशक सहजता रहेको देखिएन ।

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८१/०८२ को मौद्रिक नीति अर्ध वार्षिक समीक्षामा विद्युतीय सवारीसाधन खरिदका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण लिँदा प्राप्त यसअघिको सुविधालाई साँघुरो बनाइदिएको छ । गत साउनदेखि लोन टु भ्यालु रेसियो ८० प्रतिशत कायम गरिएकोमा छ महिनामै घटाएर ६० प्रतिशतमा झार्नुले यस्ता सवारी साधनको भविष्यमाथि आशंका बढेको हो ।

अब विद्युतीय तथा अन्य सवारीसाधन खरिदमा बैंक तथा वित्तीय संस्थाबाट सवारी साधन कर्जामा त्यस्तो अनुपातको ६० प्रतिशतसम्म कर्जा सुविधा पाइनेछ । पहिले अन्य सवारीसाधन खरिदमा मूल्यको ५० प्रतिशतसम्म मात्र ऋण दिने व्यवस्था थियो ।

केन्द्रीय बैंकका अधिकारीहरुका अनुसार विद्युतीय सवारी साधन आयातमा राज्यले दिएको राजश्व छुटको नाममा व्यापारीहरु मोटाउने तर सरकारको कोष भने रित्तो हुने अवस्था आएकाले यसो गरिएको हो । परिचय उल्लेख नगर्ने शर्तमा उनले भने, 'विद्युतीय सवारी साधनको मूल्यदेखि त्यसको मोडल, क्षमता सबै फर्जी कागजात बनाएर ल्याउने गरेको पाइयो । सरकारले दिएको कर छुटका कारण राजश्व गुम्यो । तर,व्यापारी मोटाउने क्रम जारी रहेपछि बाध्य भएर यस्तो गर्नुपरेको हो । गलत प्रवृत्ति नरोकिए यो रेसियो अझै घटाउनुपर्ने हुन्छ ।'

यसअघि विनोद चौधरीको सिजी मोटर्सले चीनबाट आयातित विद्युतीय गाडीको क्षमता र सिट संख्यालाई कागजमा मिलाएर ५० करोडभन्दा बढी रुपैयाँ राजश्व छलेको विषय महालेखापरीक्षकको कार्यालयमा पुगेको छ । महालेखाले सिजी मोटर्सको तर्फबाट तिर्नुपर्ने आधा अर्बभन्दा बढी बेरुजु खुट्याएपछि अन्य मोटर्स कम्पनीहरुले पनि चौधरीकै फर्मुला अपनाएर करोडौं छलेको तथ्य बाहिरिएको थियो ।

## बालेनको कारबाही फुस्स





■ आर्थिक संस्कार

काठमाडौं महानगरपालिकाका मेयर बालेन साहले अघि बढाएको प्रशासकीय अधिकृत सरोज गुरागाईंमाथिको कारबाही प्रक्रिया अवरुद्ध भएको छ । एकातिर सरकारले हालै सरुवा गरेको ८० जना सहसचिवको सूचीमा गुरागाईंको नाम छैन भने बालेनले यसअघि बढाएको कारबाही प्रारम्भिक प्रक्रिया पनि टुङ्गिन सकेको छैन ।

राजधानीको पुरानो बसपार्कमा निर्माणाधीन काठमाडौं टावरको १२ तल्लाको नक्सा पास प्रक्रिया अगाडि बढाउनुपर्नेमा गुरागाईंले प्रक्रिया नै पूरा नगरी १९ तल्लाको नक्सा स्वीकृति दिएको मेयरको आरोप छ । महानगरका प्रवक्ता नवीन मानन्धरले पुस ५ गते आयोजना गरेको पत्रकार सम्मेलनमा 'मापदण्डविपरीत नक्सा पास कागजातको अनुमति पत्रमा प्रमुख प्रशासकीय अधिकृत गुरागाईंले आधिकारिक प्रणालीबाट प्रक्रिया नै पूरा नगरी नक्सा स्वीकृति गरेको देखिएको' आरोप लगाएका थिए ।

त्यसपछि मेयरले गुरागाईंमाथि छानबिनको नाममा पूर्व सचिव शंकरप्रसाद पाण्डेको संयोजकत्वमा कमिटी गठन गरे । तर पाण्डे नेतृत्वको कमिटीले सरोजले उक्त नक्सा पासमा कुनै बदमासी गरेको संकेत फेला पार्न सकेन ।

स्रोतले भन्यो, 'केही भेटिन । माथिबाट गुरागाईंको केही न केही बदमासी ल्याउन दबाब दिइएको छ । पुसमा प्रेसमिट गरेर के के न गरियो भनिएको थियो । त्यसैले रातो नभए पनि पहेँलो गल्ती ल्याउन भनिएको छ ।' ठूलै बदमासी भएको हल्ला गर्दै उच्चस्तरीय छानबिन कमिटी बनाउँदा कुनै कमजोरी फेला नपरेपछि सबैभन्दा धेरै अप्ठ्यारोमा मेयर स्वयं परेको सहजै अनुमान लगाउन सकिन्छ ।

छानबिन कमिटीमा सुमनराज नरसिंह राजभण्डारी पनि छन् । उनी मेयरका गुरु तथा प्रमुख सल्लाहकार हुन् । उनको विज्ञता आर्किटेक्चरल इञ्जिनियरिङ भएकाले नक्सा पासको बारेमा सबै बिवरण थाहा नहुने कुरै भएन । तर गल्ती कमजोरीको कुनै प्रमाण नभेटिएपछि उनीहरुलाई रिपोर्ट बुझाउन महाभारत भएको छ । कमिटीले यसअघि थपिएको म्यादसमेत गुजारेको छ ।

यसअघि सरकारले सहसचिवमाथि मेयरले गठन गरेको छानबिन समितिको कानुनी हैसियतबारे लिखित सोधनी भएको थियो ।

उक्त सोधनीको जवाफ दिँदै मेयरले छानबिनको औचित्य प्रष्ट पार्दै छानबिन समिति कानुनसम्मत रहेको दाबी गरेको बताइन्छ ।

गुरागाईंमाथि बिना कसूर महानगरले आरोप लगाउँदै छानबिन गरेकोमा सरकार असन्तुष्ट रहेको स्वतः अनुमान लगाउन सकिन्छ । पछिल्लो ८० जना सहसचिवको सरुवामा उनलाई त्यहाँबाट अन्यत्र नलगिएको र अरुलाई पनि त्यहाँ नलैजानुले कम्तीमा उनले कसूरबाट सफाइ पाएपछि मात्रै प्रमुख प्रशासकीय अधिकृत फेरिने अवस्था छ ।

कमसेकम उनले सफाइ पाएर हाजिर गरेपछि मात्रै नयाँ अवस्थामा सरुवा सोच्न सकिने संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्रोतले बतायो । गुरागाईंले सफाइ पाएपछि त्यहाँको कार्यवातावरण नमिल्ने, उनलाई पनि काम गर्न जाँगर नचल्ने र मेयरलाई पनि गल्ती महशुस हुने भएकाले त्यस्तो अवस्थामा मात्र सरुवाको गुञ्जायस रहने मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

मन्त्रालयका एक जना सहसचिव भन्छन्, 'हाजिर भएको एक हप्तापछि उनी फर्कने छन् । एक दिन भए पनि मेयरले उनलाई हाजिर गराउनै पर्छ । सरकारले मान्छे दिएन भन्न पाइन्न । मेयरले काम नलगाएको मात्र हो । त्यहाँ खाली भए पो मान्छे पठाउने । भएका सहसचिवलाई काम नदिने अनि अनर्गल प्रचार गर्ने ?'यस प्रतियोगिताले सहभागीहरूलाई नयाँ अवसरहरू प्रदान गर्ने, उनीहरूको व्यक्तित्वलाई निखार्ने र समाजमा सकारात्मक परिवर्तन ल्याउने उद्देश्य राखेको छ। आयोजक पक्षले यसले सहभागीहरूको जीवनमा दीर्घकालीन प्रभाव पार्ने विश्वास व्यक्त गरेको छ।

## रारा ताल किनारको होटलमा आगलागी



■ आर्थिक संस्कार

मुगुको रारा तालको किनारमा रहेको एक होटलमा आगलागी भएको छ । काठबाट बनाइएका चार वटा भवन जलेर खरानी भएको बताइएको छ ।

आगो आज बिहान नियन्त्रणमा आएको छ । सेना, प्रहरी, सशस्त्र प्रहरी, होटलका कर्मचारीले आगो निभाउने प्रयास गरेका थिए ।

प्रहरीका अनुसार होटेलको किचनबाट सल्केको आगो पछि ग्यास सिलिण्डर पड्केपछि फैलिएको थियो । होटलका पाहुनालाई अन्यत्र सारिएको छ ।यस प्रतियोगितामा भाग लिन इच्छुक व्यक्तिहरूले निर्धारित प्रक्रिया पूरा गरी आवेदन दिन सक्नेछन्। प्रतियोगितालाई उत्कृष्ट, भव्य, र उच्च स्तरको बनाउने प्रतिबद्धता व्यक्त गर्दै आयोजक प्रमुख शैलेन्द्र श्रेष्ठले यसको महत्त्व र उद्देश्य स्पष्ट पारेका छन्।

श्रेष्ठका अनुसार, यो सौन्दर्य प्रतियोगिता केवल बाहिरी आकर्षण प्रदर्शन गर्ने थलो मात्र नभई व्यक्तित्व विकास, आत्मविश्वास अभिवृद्धि, र नेतृत्व क्षमताको परीक्षण गर्ने अवसर हो। उनले भने, "सौन्दर्य प्रतियोगितामा भाग लिनु भनेको तपाईंको चरित्रको सौन्दर्य, लचिलोपन, र आत्मविश्वासको शक्ति प्रदर्शन गर्ने अवसर हो।"

आयोजकद्वारा जारी विज्ञप्तिमा यो प्रतियोगिता सहभागीहरूको नेतृत्व क्षमताको विकास, समाजमा सकारात्मक प्रभाव पार्ने अवसर, र आत्मनिर्भरता अभिवृद्धिका लागि सशक्त मञ्च बन्ने उल्लेख गरिएको छ।

श्रेष्ठले थपे, "सौन्दर्य केवल बाहिरी स्वरूपमा सीमित हुँदैन। यसले मानिसको आत्मविश्वास, धैर्यता, र विचारको सौन्दर्यलाई पनि समेट्छ। यस प्रतियोगिताले सहभागीहरूको जीवनमा दीर्घकालीन प्रभाव पार्न सक्छ।" आयोजकहरूका अनुसार, प्रतियोगिता सहभागीहरूलाई आत्मविकासको मार्गदर्शन, विभिन्न तालिम, र अवसर प्रदान गर्दै उनीहरूको क्षमतालाई नयाँ उचाइमा पुर्याउने उद्देश्यका साथ आयोजना गरिएको हो।

## सार्कको कुरा कसले सुन्ने ?




आर्थिक संस्कार

भारतको राजधानी नयाँ दिल्लीमा आयोजित 'नेपाल–भारत सम्बन्ध, छिमेक कूटनीति र बौद्ध शिक्षाको सान्दर्भिकता' विषयक कार्यक्रममा धारणा राख्न नेपाली राजनीतिक दलका चार जना नेता पुगेका छन् । इण्डिया इन्टरनेशनल सेन्टरमा आयोजित उक्त कार्यक्रममा एमाले उपाध्यक्ष सुरेन्द्र पाण्डे, उपमहासचिव प्रदीप ज्ञवाली, जसपाका उपाध्यक्ष राजकिशोर यादव तथा रास्वपाका उपसभापति डा. स्वर्णिम वाग्ले सहभागी छन् ।

कार्यक्रममा उनीहरूले नेपाल–भारत सम्बन्धलाई थप सुदृढ गर्न र साझा अवसरहरूको अधिकतम लाभ उठाउन सहकार्य आवश्यक रहेकोमा जोड दिएका छन् । साथै, भौतिक तथा डिजिटल सम्पर्क विस्तार गर्दै आर्थिक तथा क्षेत्रीय सहकार्य अभिवृद्धि गर्नुपर्ने धारणा व्यक्त गरेका छन् ।

नेपाल–भारत सम्बन्धको सन्दर्भमा क्षेत्रीय संगठनहरूको भूमिका समेत चर्चा गरिएको थियो । नेताहरूले विशेष गरी भारतकै कारण पछिल्लो एक दशकदेखि निष्क्रियजस्तै बनेको दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को अवस्था उठान गरेका छन् । उनीहरूले सार्क, बिमस्टेक (BIMSTEC), बिबिआइएन (BBIN) जस्ता क्षेत्रीय मञ्चहरूको प्रभावकारी प्रयोग गरेर भारतसँगको सम्बन्ध अझ सुदृढ बनाउनुपर्ने बताएका छन् ।

तर, भारतले सार्कलाई प्राथमिकता दिन छाडेको र बिमस्टेक तथा बिबिआइएनजस्ता वैकल्पिक क्षेत्रीय संरचनाहरूलाई अघि बढाइरहेको विषयमा पनि छलफल भएको बुझिएको छ ।

## ४९ वर्षीया जीवनसाथी खोज्दै, ६१ वर्षे डिभोर्सको डिलमा



■ आर्थिक संस्कार

बलिउड अभिनेत्री सुष्मिता सेनले विवाह गर्न चाहेको बताएकी छन् । ४९ वर्षे अभिनेत्रीले हालैको इन्स्टाग्राम लाइभमा तर विवाहका लागि उपयुक्त जीवनसाथी हालसम्म नभेटिएको बताएका छन् ।


राजस्थानको जयपुरमा भएको एक विवाहमा सहभागी हुने क्रममा उनले हृदयभित्रैबाट जीवनसाथीको भेट हुनुपर्ने धारणा राखेकी छन् । उनी विगतामा मोडल रोहमन शलसँग झण्डै तीन वर्ष प्रेम सम्बन्धमा थिइन् ।

त्यसपछि आईपीएलका संस्थापक तथा पूर्व अध्यक्ष ललित मोदीले उनलाई श्रीमती नै बनाएका थिए । सुस्मिताले मोदीसँग सम्बन्ध भएपनि श्रीमतीको हैसियत नरहेको बताउँदै आएकी छन् । सुष्मिता सन् १९९४ मा मिस युनिभर्स बनेपछि बलिउडमा प्रवेश गरेकी हुन् ।

यता, बलिउड अभिनेता गोविन्दाले श्रीमती सुनिता आहुजासँग सम्बन्ध विच्छेद गर्न लागेको खबरले चर्चा पाएको छ । सुनितासँगको ३७ वर्षे वैवाहिक सम्बन्ध अन्त्य हुन लागेको आशंका गरिएको छ । तर, गोविन्दाले उक्त समाचार 'हल्ला' मात्र भएको बताएका छन् । गोविन्दाका म्यानेजरले श्रीमती सुनिताले एउटा अनलाइनसँग गरेको कुराकानीलाई लिएर अनावश्यक हल्ला भएको प्रतिक्रिया दिएका छन् । उनले यो विषयलाई आवश्यकता भन्दा बढी तानातान गरिएको भन्दै गोविन्दा र सुनिताको व्यक्तिगत जीवनलाई अनावश्यक विवादमा नतानी स्वस्थ्य छलफल गर्न आग्रह गरेका छन् । साथै, उनले सञ्चारमाध्यम तथा सामाजिक सञ्जाल प्रयोगकर्तालाई तथ्य र सत्यतामा आधारित रहेर मात्र धारणा बनाउने सुझाव दिएका छन् ।

म्यानेजरका अनुसार, गोविन्दा र सुनिताबीच कुनै पनि गम्भीर विवाद नरहेको र हालैका समाचारहरू अतिरञ्जित रूपमा प्रस्तुत गरिएको हुनसक्ने सम्भावना रहेको छ । उनले गोविन्दा आफ्नो पेशागत तथा व्यक्तिगत जीवनलाई सन्तुलित राख्ने प्रयासमा रहेको र यस्ता आधारहीन अड्कलबाजीहरूले कुनै पनि सकारात्मक प्रभाव नपर्ने बताएका छन् ।म्यानेजरका अनुसार, गोविन्दा र सुनिताबीच कुनै पनि गम्भीर विवाद नरहेको र हालैका समाचारहरू अतिरञ्जित रूपमा प्रस्तुत गरिएको हुनसक्ने सम्भावना रहेको छ ।

## सेरा दरबारको सारा सेरोफेरो




■ आर्थिक संस्कार

सेरा दरबारको जग्गा हिनामिना (कब्जा) को विषय बाहिरिएपछि यसबारे देश–विदेशमा चर्चा चुलियो। राजनीतिक बृत्तमा चासो, चर्चा र बहसहरू भए। गत माघमा पहिलो पटक सेराको सेरोफेरोमा पुग्ने अवसर मलाई पनि जु¥यो। यो आलेखमा उक्त दरबारको इेतिहासिक महत्व र जग्गा हिनामिनाको प्रयासबारे चर्चा गरिएको छ।

### निर्माण र ऐतिहासिकता

सेरा दरबार नुवाकोटस्थित नेपाल एकीकरणकालीन दरबार हो। पृथ्वीनारायण शाहले शीतकालीन दरबारको रुपमा वि.सं. १८२२ मा निर्माण गरेका थिए। उनैको शासनकालमा नुवाकोटमा दुई दरबार निर्माण भएका थिए। साततले दरबारलाई ग्रीष्मकालीन दरबारका रुपमा उपयोग गरिएको थियो भने पृथ्वीनारायण जाडो महिनामा नुवाकोट डाँडास्थित दरबार र गर्मी महिनामा तादी किनारस्थित सेराबेँसी दरबारमा बस्ने गर्दथे।

यी दुबै दरबार भग्न अवस्थामा छन्। वि.सं. १९०३ मा सेराबेँसी दरबार भत्किएर भग्नावशेषमा परिणत भएको छ।

नेपाल–तिब्बत-चीन युद्धमा नेपालीले अकल्पनीय पराजय व्यहोर्नु परेको कारण बहादुर शाहले अंग्रेजसँग सहायता लिने मन बनाएर ई. १७९२ मा एउटा वाणिज्य सन्धि गरेका थिए। कर्क प्याट्रिक नुवाकोट जाँदासमेत बहादुर शाहसँग यसै दरबारमा भेट गरेका थिए। वि.सं. १८९७–९८ तिर तत्कालीन राजा राजेन्द्र तथा रानी साम्राज्यलक्ष्मी नुवाकोट जाँदा यसै दरबारमा बसेको इतिहासमा उल्लेख छ।

त्यसको धेरै वर्षपछि जुद्धसमशेर नुवाकोट जाँदा भग्नावशेष दरबारबारे बुझ्न खोजेका थिए। उनले पृथ्वीनारायणको ग्रीष्मकालीन दरबारको भग्नावशेष हो भन्ने जानकारी पाएपछि तत्कालै पुरानो दरबारजस्तै गरी बनाउन आदेश दिए। तर त्यसबेला पुरानो दरबार देख्ने कोही नभेटेको र कुनै चित्र पनि नभएकोले सेराफाँटको भव्यता तथा दरबार परिसरबाट मोहित भएका जुद्ध समशेरले आफ्नै अनुमानमा दरबार बनाउन लगाए। यसो गर्दा सोही पुरानो दरबारको भग्नावशेषमा रहेको इँटा प्रयोग गरिएको थियो। दरबार तयार भएपछि नाम सेरा दरबार राखियो।

अधिराजकुमार वसुन्धराकी श्रीमती हेलेन शाह र विजया राज्यलक्ष्मी शाहको अंशमा परेको सेरा दरबार र त्यसले चर्चेको जग्गा २०२१ मा हदबन्दी कानुन लागू भएपछि सरकारका नाममा सर्नुपर्ने थियो । तर, उक्त जग्गा व्यक्तिकै नाममा जोगाउन २०२७ मा गौरीशंकर फार्मिङ स्थापना गरी कम्पनीका नाममा राखियो । गौरीशंकरका सञ्चालक र सेयरधनी हेलेन र विजयालक्ष्मी शाह दवै थिए । गौरीशंकर फार्मिङको नाम २०३६ मा अन्नपूर्ण फार्मिङमा परिवर्तन गरियो। तत्कालीन नेकपा माओवादीको द्वन्द्व उत्कर्षमा पुगेका बेला १२ पुस २०५९ मा पृथ्वीनारायण शाहले शीतकालीन दरबारको रुपमा प्रयोग गरेको भवनमा माओवादी कार्यकर्ताले आगो लगाए र केही संरचना भत्काए।

सेरा दरबार र त्यसले चर्चेको जग्गा सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) को अनुसन्धानले भनेको छ– दरबारको १६४ रोपनी १३ आना जग्गा दुरुपयोग भएको छ । र, उसले मालपोत ऐनअनुसार सरकारका नाममा सार्ने प्रक्रिया अघि बढाउन भूमि व्यवस्थापनसिआइबीका अनुसार सेरा दरबारको कूल क्षेत्रफल १८४ रोपनी ४ आना १ पैसा थियो । कालान्तरमा यो जग्गा अंशबण्डा भई राजपरिवार सदस्य हेलेन शाह र विजयाराज्यलक्ष्मी शाहको भागमा परेको हो । भूमिसम्बन्धी ऐन, २०२१ ले हदबन्दीसम्बन्धी व्यवस्था गरेपछि सेरा दरबार र त्यसले चर्चेको जग्गा सरकारका नाममा सर्नुपर्ने प्रावधान थियो । तर, गौरीशंकर फार्मिङ कम्पनी स्थापना गरी हदबन्दीभन्दा बढी १६४ रोपनी १३ आना २ पैसा १ दाम जग्गा कृषिसम्बन्धी प्रयोजनका लागि रहने गरी सोही कम्पनीका नाममा नापी गराइयो ।

यस क्रममा, सम्बन्धित निकायसँग आवश्यक प्रक्रिया पूरा गरी जग्गा व्यवस्थापन गरिएको देखिन्छ । साथै, अभिलेख विभागलाई औपचारिक रूपमा चिठी पठाएर उक्त जग्गाको स्वामित्व तथा प्रयोगबारे जानकारी गराइएको छ । यसले भूमि हदबन्दीसम्बन्धी कानुनी व्यवस्थालाई कुन हदसम्म पालना गरिएको थियो भन्ने विषयमा थप अनुसन्धान आवश्यक रहेको देखिन्छ ।

तर, यो प्रक्रियामा पारदर्शिता कत्तिको अपनाइयो भन्ने विषयमा प्रश्न उठ्न थालेका छन् । जग्गा हदबन्दीको कानुनी व्यवस्था अवलम्बन गरिनुपर्ने भए पनि कम्पनी स्थापनामार्फत जग्गा स्वामित्व सुरक्षित गर्ने प्रयास गरिएको देखिन्छ । यसले भूमि सुधार नीतिको प्रभावकारिता र कानुनी प्रावधानको कार्यान्वयनबारे बहस जन्माएको छ ।

## सेनाका जहाज चारथरि पाहुना बोकेर चारतिर



■ आर्थिक संस्कार

एकाबिहानै सेनाको एउटा हेलिकोप्टर सीतापाइलाबाट मुक्तिनाथतर्फ उडेको छ । अरु दुई वटा जहाज माउण्टेन फ्लाइट गर्दै पोखरा जाने तरखरमा छन् एउटा चाहिँ नवलपरासी उड्न स्ट्याण्डबाइ छ ।

नेपाली सेना दिवस तथा महाशिवरात्रि पर्वको अवसरमा आयोजित प्रधान सेनापतिहरुको कन्क्लेभमा भाग लिन काठमाडौं आएका भारतीय स्थल सेनाध्यक्षहरु बिहान साढे ६ बजे सीतापाइलास्थित ब्यारेकबाट एनए ०३८ एमआई हेलिकोप्टरमार्फत मुक्तिनाथ प्रस्थान गरेका छन् । सो हेलिकोप्टरमा भारतीय पूर्व सेनाध्यक्षहरू मनोज मुकुन्द नरवाने र मनोज पाण्डे सहित छ जना पूर्व स्थल सेनाध्यक्षहरूको टोली रहेका छन् ।

यसैबीच, सेना दिवसमा भाग लिएका विभिन्न देशका राजदूतावासका डिफेन्स अट्याचीहरूलाई बिहान ७:३० बजे माउन्टेन फ्लाइटमा लगिएको छ । उनीहरू एनए ०६२ कासा हेलिकोप्टरमा माउन्टेन फ्लाइटपछि पोखरा पुग्ने तथा अपराह्न काठमाडौं फर्कने कार्यक्रम रहेको छ ।

त्यसैगरी, एनए ०६४ स्काइ ट्रक बिहान ८:१५ बजे एनसीसी डिजी टिम बोकेर माउन्टेन फ्लाइटका लागि प्रस्थान गर्दैछ । उक्त उडान माउन्टेन फ्लाइट पूरा गरेपछि पुनः काठमाडौं फर्कनेछ ।

यसै क्रममा, साढे ९ बजेपछि रक्षामन्त्री मनवीर राईसहितको टोलीलाई लिएर एनए ०६१ हेलिकोप्टर नवलपरासी जाने तयारी गरिएको छ । उक्त भ्रमणका क्रममा विभिन्न सुरक्षा तथा प्रशासनिक कार्यक्रमहरू आयोजना हुने बुझिएको छ ।

# अब मस्यौरा र 'रोल्ड ओट्स' का लागि पनि मापदण्ड




■ आर्थिक संस्कार

काठमाडौँ — खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले अन्य खाद्य वस्तुकै जसरी अब मस्यौरा र 'रोल्ड ओट्स' को पनि गुणस्तर मापदण्ड तोक्ने तयारी गरेको छ । बजारमा हुने अनुगमनलाई प्रभावकारी बनाउन विभागले गुणस्तर मापदण्ड तोक्न लागेको हो ।

अनुगमनका क्रममा गुणस्तरहीन मस्यौरा र 'रोल्ड ओट्स' बिक्री वितरण भइरहेको पाइएपछि विभागले यी खाद्यवस्तुलाई पनि मापदण्ड बनाएर कानुनी दायरामा ल्याउन लागेको हो ।

खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको तेस्रो बैठकले मस्यौरा र ओट्सको गुणस्तरको मात्रा तोकेर मापदण्ड तयार गरेको छ । खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ को दफा ५ बमोजिम 'खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समिति' को व्यवस्था छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव गोविन्द्रप्रसाद शर्मा अध्यक्ष रहने बैठकले गुणस्तर निर्धारण गरी स्वीकृतिका लागि सिफारिस गरेको हो । आइतबारको बैठकले मात्र तोकेर स्वीकृतिका लागि मन्त्रालयमा पेस गरेको छ । मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गरी अनुमोदन गराउँछ । त्यसपछि राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा जान्छ,' समितिका सदस्य सचिव एवं विभागका महानिर्देशक सञ्जीवकुमार कर्णले भने, 'गुणस्तर निर्धारण भए अनुगमनमा सहज हुन्छ ।'

समितिले खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ को दफा ७ बमोजिम रोल्ड ओट्स र मस्यौराको गुणस्तर मापदण्ड स्वीकृत गरी सिफारिस गरेको कर्णले जनाए । मस्यौरा स्वच्छ र सफा भई चारित्रिक स्वाद र बास्ना भएको हुनुपर्नेछ । मस्यौरामा ढुसी तथा कीरा लागेको, सडेको तथा तथा ओसिएको हुनु हुँदैन । यसको सम्मिश्रणबाहेकमा कुनै किसिमको जैविक तथा अजैविक पदार्थको उपस्थिति हुनु हुँदैन । अर्थात् ढुंगा, बालुवा, काँच (सिसा) प्लास्टिक वा त्यसका टुक्रा, माटो, धातुका टुक्रालगायत अखाद्य पदार्थ निषेध गरिएको छ । कपाल/रौं, भुसा चोकर, परालका टुक्रा, अखाद्य दाना, जिउँदो वा मरेका कीरा र फोहोरजन्य पदार्थ अखाद्य पदार्थ मिसाउन पनि पाइँदैन । मस्यौरामा जीवनाशक विषादीको अवशेष, हेभी मेटल्स, सूक्ष्म जीवाणु, टक्सिनलगायत हानिकारक तत्त्वका अवशेषको अधिकतम मात्रा सरकारले तोकेबमोजिम हुने जनाइएको छ । मस्यौराको उत्पादन, प्याकेजिङ, ह्यान्डलिङ, भण्डारण तथा ढुवानीमा स्वच्छता र गुणस्तर कायम गर्ने सन्दर्भमा कृषि मन्त्रालयले तोकेको निर्देशिकाअनुसार हुनेछ ।

मस्यौरालाई सफा र सुक्खा खाद्य ग्रेडको प्याकेजिङ सामग्रीमा शिलबन्द गरी प्याकेजिङ गर्नुपर्ने मापदण्डमा उल्लेख छ । प्याकेजिङ गरिएका मस्यौराको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोकेबमोजिमको विवरण उल्लेख गर्नुपर्नेछ । लेबलमा मस्यौरा तयार गर्न प्रयोग गरिएको सम्मिश्रणको विवरण स्पष्ट देखिने गरी उल्लेख गर्नुपर्नेछ ।

रोल्ड ओट्सको पनि गुणस्तर मापदण्ड बनेको छ । ओट्स तयार गर्दा स्वच्छ र सफा भई चारित्रिक स्वाद र बास्ना भएको, ढुसी तथा कीरा नलागेको हुनुपर्नेछ । सडेको तथा तथा ओसिएको पनि हुनु हुँदैन । कुनै किसिमको जैविक तथा अजैविक १२ पदार्थ र १२ रङको प्रयोग गर्न पनि निषेध गरिएको छ । 'ओट्स सफा र सुक्खा खाद्य ग्रेडको प्याकेजिङ सामग्रीमा सिलबन्दी गरी प्याकेजिङ गर्नुपर्छ । प्याकेजिङ गरिएका ओट्सको लेबलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ ले तोकेबमोजिमको विवरण उल्लेख गर्नुपर्छ,' महानिर्देशक कर्णले भने ।

परम्परागत खाद्य पदार्थ मस्यौराको स्वच्छता तथा गुणस्तर मापदण्डसमेत स्वीकृत गरी सरकारमा सिफारिस गर्ने निर्णय गरिएको विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले बताए । 'राजपत्रमा प्रकाशन भएको ९१औं दिनबाट कार्यान्वयन हुने मापदण्डले खाद्य पदार्थको अनुगमन, निरीक्षण, परिक्षण र नियमनमा सहज हुनेछ,' महर्जनले भने । समितिले खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ को प्रभावकारी कार्यान्वयनका लागि खाद्य स्वच्छता तथा गुणस्तर नियमावलीको मस्यौदा पनि तयार गरेको छ । मस्यौदा मन्त्रालयमा पेस गर्ने पनि निर्णय भएको जनाइएको छ

# सुनको मूल्य सामान्य बढ्दा चाँदीको घट्यो




काठमाडौं : साताको पहिलो दिन आइतबार (आज) सुनको मूल्य सामान्य बढ्दा चाँदीको मूल्य घटेको छ। शुक्रबारको तुलनामा आज सुन तोलामा तीन सय रुपैयाँ बढ्दा चाँदी तोलामा २० रुपैयाँ घटेको नेपाल सुनचाँदी व्यवसायी महासंघले जनाएको छ।

महासंघका अनुसार आज सुनको मूल्य तोलाको एक लाख ७० हजार तीन सय रुपैयाँ कायम भएको छ। शुक्रबार सुन तोलाको एक लाख ७० हजार रुपैयाँमा कारोबार भएको थियो।

त्यसैगरी, चाँदी आज तोलाको एक हजार नौ सय ७० रुपैयाँमा कारोबार भइरहेको छ। यसअघि शुक्रबार चाँदी तोलाको एक हजार नौ सय ९० रुपैयाँमा कारोबार भएको थियो।

# झण्डै दोब्बरले बढ्यो वीरगञ्ज नाका हुँदै निर्यात



■ आर्थिक संस्कार

पर्सा — चालु आर्थिक वर्षको सात महिनाको अवधिमा वीरगञ्ज भन्सार नाका हुँदै ४० अर्ब ३४ करोड ५९ लाख ७९ हजार मूल्य बराबरका वस्तु तथा सामान निर्यात भएका छन्।

गत आर्थिक वर्षको सात महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा नाकाबाट हुने निर्यात झण्डै दोब्बरभन्दा धेरै बढेको छ । गत आर्थिक वर्षको सात महिनाको अवधिमा यो नाका हुँदै १७ अर्ब सात करोड ९५ लाख ६० हजार मूल्य बराबरको वस्तु तथा सामान विदेशी मुलुक निर्यात भएको थियो ।

मुलुकभर रहेका साना/ठूला २८ भन्सार नाकामध्ये वीरगञ्ज भन्सार नाका हुँदै भएको निर्यातको हिस्सा भने ३१ दशमलव ७२ प्रतिशत रहेको छ । वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी अमित तिवारीले चालु आर्थिक वर्षमा प्रशोधित सूर्यमुखी र भटमासको तेल निर्यात बढेसँगै समग्रमा निर्यात बढेको बताए ।

गत आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा निर्यातमा उत्साहजनक ढङ्गले वृद्धि हुँदै आइरहेको छ,' उनले भने । वीरगञ्ज भन्सार नाका हुँदै चालु आर्थिक वर्षको सात महिनाको अवधिमा १९ अर्ब ३६ करोड मूल्यको प्रशोधित भटमासको तेल निर्यात भएको छ ।


## हाम्रो टिम

प्रबन्ध निर्देशक: राजभाई श्रेष्ठ
मुख्य सम्पादक: शिव दाहाल
सम्पादक: राजेश महर्जन
वैदेशिक मामिला र राजनीति: चिरञ्जीवी ढुंगाना
कानुनी सल्लाहकार: वरिष्ठ अधिवक्ता ईश्वर राज ढकाल
विज्ञापन: पिंक रोज एडभर्टाइजिङ सर्भिस, महाराजगञ्ज, काठमाडौं
रिपोर्टर: यशोदा खनाल
रिपोर्टर: रश्मी श्रेष्ठ
लेखा: मुनिजमान श्रेष्ठ
डिजिटल: सुलभ भट्टराई
डिजिटल: सुजन पोखरेल
प्रकाशक: ओम अफसेट प्रिन्टिङ हाउस, बागबजार, काठमाडौं महानगरपालिका, महाराजगञ्ज, वडा नं. ३, काठमाडौं
फोन: ०१-४७२०५५६


BRANDTALK

# कुलेखानी ड्याममुनिको सिमखोलामा बेलिब्रिज राखिने



■ आर्थिक संस्कार

हेटौंडा — गत असोज ११ र १२ गतेको अविरल वर्षासँगै आएको बाढीले क्षतिग्रस्त बनाएको कुलेखानी जलविद्युत् आयोजनाको ड्याममुनिको सिमखोलामा बेलिब्रिज बन्ने भएको छ ।

बेलिब्रिज निर्माणका लागि बाग्मती प्रदेशको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाले सोमबार टेन्डर आह्वान गरेको छ । बेलिब्रिज राख्न र पहुँच मार्ग निर्माण गर्नका लागि एक करोड ७९ लाखको टेन्डर आह्वान गरिएको हो ।

'कुलेखानी ड्याममुनिको सिमखोलामा भीमफेदी गाउँपालिका–६ स्थित माण्डु खोलामा रहेको बेलिब्रिज निकालेर हाल्ने छौं', यातायात पुर्वाधार निर्देशनालय हेटौंडाका प्रवक्ता चन्द्रदेव भट्टले भने ।

माण्डु खोलाको बेलिब्रिज निकालेर ल्याउने र सिमखोलामा उक्त पुल अड्याउनका लागि निर्माण गरिने पक्की टेको र पहुँच मार्ग निर्माण गर्न टेन्डर निकालिएको उनको भनाइ छ । माण्डु खोलामा पक्कि पुल निर्माण गरेर सञ्चालनमा आइसकेकाले त्यसस्थानमा रहेको बेलिब्रिज प्रयोगविहीन अवस्थामा छ ।

पूर्वाधार निर्देशनालयका एक प्राविधिकका अनुसार सिमखोलामा करिब ५० मिटर लामो बेलिब्रिज हालिँदै छ । 'वर्षायाम सुरु हुनुअघि नै पुल राख्ने काम र पहुँच मार्ग निर्माण गरिसक्छौं', यातायात पुर्वाधार निर्देशनालय हेटौंडाका प्रमुख नविन सिंहले भने । वर्षायाम अगावै सिमखोलामा पुल निर्माण र पहुँच मार्ग बनेन भने हेटौंडाबाट काठमाडौं भित्रिने सबै छोटो वैकल्पिक मार्ग अवरुद्ध हुने छ ।

भारी वर्षासँगै कुलेखानी भरिएपछि 'ओभर फ्लो' रोक्न गेट खोल्दा इन्द्रसरोवर गाउँपालिका–२ स्थित कुलेखानी ड्यामको तल्लो भागमा रहेको सिमखोलाको पुलसँगै सडक क्षतिग्रस्त बनेको थियो । अहिले खोलाबाट डाइभर्सन गरेर सवारी सञ्चालन गरिएको छ ।

हेटौंडाबाट काठमाडौं प्रवेश गर्ने छोटो मार्गका रुपमा रहेको फाखेल र सिस्नेरीको बाटो प्रयोग गर्नका लागि यो पुल भएर आवतजावत गर्नु पर्छ । दैनिक रुपमा यस बाटोमा मोटरसाइकल र साना सवारी गरी करिब ३ हजारभन्दा बढी गुड्ने गरेका छन् ।

इन्द्रसरोवर गाउँपालिका–२ का वडाध्यक्ष सुमन श्रेष्ठले तत्कालका लागि बेलिब्रिज हालेर सवारी आउजाउमा सहज गरिए पनि दीर्घकालीन समस्या समाधानका लागि पक्की पुलको आवश्यकता रहेको बताए । 'कुलेखानीको ड्यामबाट हुनसक्ने सम्भावित क्षतिलाई समेत मध्यनजर गरी अब पक्की पुल निर्माण गर्नुपर्छ,' उनले भने ।


# अब मस्यौरा र 'रोल्ड ओट्स' का लागि पनि मापदण्ड






■ आर्थिक संस्कार

काठमाडौँ — स्मार्ट टेलिकमको टावर राखेका घरधनी, रिचार्ज कार्ड विक्रेता र प्रयोगकर्ताहरूले 'संयुक्त पीडित समूह' बनाएर नेपाल दूरसञ्चार प्राधिकरण अगाडि धर्ना सुरू गरेका छन् ।

स्मार्ट टेलिकमको लाइसेन्स खारेज भएको दुई वर्ष हुन लाग्दा पनि टावरको व्यवस्थापन हुन नसकेको, स्मार्ट टावरले खपत गरेको बिजुली महसुल तिर्न लगाएको, विक्रेताका करोडौँ रुपैयाँ रिचार्ज कार्डमा फसेको भन्दै उनीहरूले पटक-पटक सरकारलाई गुहार्दै आएका छन् ।

बिहीबार करिब एक सयजना पीडित घरधनीले ब्यानर र प्लाकार्डसहित जमलस्थित प्राधिकरण कार्यालयसामू धर्ना दिएका छन् । 'हामीले सबै सकारकी कार्यालय, सांसद, सीडीओ, राजनीतिक दललाई गुहारिसकेका छौँ, सबैले गर्छौं, हेर्छौं भन्छन्, तर कसैले केही गरेन,' थापाथलीका प्रकाशभक्त श्रेष्ठले भने, 'अब सडकमा नआई समस्या समाधान नहोला जस्तो लागेर धर्नामा आएका छौँ ।'

काठमाडौं उपत्यकामा मात्र स्मार्ट टेलिकमका करिब ३ सय १७ वटा र देशभर १७ सय वटा बीटीएस टावर छन्। घरधनीहरूका अनुसार टावरहरू न हटाउन सकिएको छ न त मर्मतसम्महार भएका छन्, जिर्ण भएर ढल्ने अवस्थामा पुगेका छन् ।आफूहरूले शान्तिपूर्ण धर्ना गर्ने उनले बताए । सरकारले स्मार्टलाई नियन्त्रणमा लिएको २२ महिना भइसकेको र स्मार्टले आफूहरूलाई तीन/चार वर्षदेखिकै भाडा नदिएको अर्का पिडित घरधनीको गुनासो छ । जिर्ण अवस्थामा रहेका टावर जुनसुकै बेला ढलेर दुर्घटना हुन सक्ने भएकाले त्यसका लागि जिम्मेवारी को लिने भन्ने प्रश्न उनीहरूले उठाएका छन् । नेपाल विद्युत प्राधिकरणले टावर राखेका घरधनीलाई बिजुलीको महसुल माग्ने गरेको र स्मार्टले केही वर्षदेखि खपत गरेको बिजुलीको महशुल घरधनीले नतिरेको घरकै बिजुलीको लाइन काटिने पत्र आएकोमा चिन्ता व्यक्ति गरेका छन् ।सरकारले स्मार्टलाई नियन्त्रणमा लिएको २२ महिना भयो स्मार्टले हामीलाई तीन/चार वर्षदेखि भाडा दिएको छैन, भाडा दिलाउनु पर्‍यो,' अर्का पिडितले भने, 'सेवा नै सञ्चालनमा नभएका टावर हाम्रा घरबाट हटाइदिनुपर्‍यो ।' स्मार्टसँग सम्बन्धित २४ लाख ग्राहकको सिम र करोडौं रुपैयाँ पनि अलपत्र छ । काठमाडौं उपत्यकाका ८० घरधनीले 'स्मार्ट टेलिकमपीडित समूह' बनाएर जिल्ला प्रशासन कार्यालयदेखि विद्युत् प्राधिकरण, दूरसञ्चार प्राधिकरण, सञ्चार मन्त्रालय, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायत निकायका नेतृत्वसँगै सांसद र जनप्रतिनिधिलाई समस्या सुनाइरहेका छन्।

स्मार्ट टेलिकमको लाइसेन्स २०८० वैशाखको पहिलो साता खारेज भएको थियो । लाइसेन्स नवीकरण नगरी स्वतः खारेज भएको स्मार्टको सम्पत्ति व्यवस्थापन र ग्राहक तथा विक्रेतासँगको अन्योल अझै समाधान भएको छैन । प्राधिकरणले टावरहरूको व्यवस्थापन र सम्पत्ति मूल्यांकनको लागि समिति गठन गरेको बताएको छ । गत वर्ष नै गठन भएको भनिएको व्यवस्थापन समूहको अहिलेसम्म एउटै बैठक बसेको छैन, मूल्य निर्धारण समिति त बनेकै छैन।स्मार्ट टेलिकमको लाइसेन्स २०८० वैशाखको पहिलो साता स्वतः खारेज भएको थियो। तर, कम्पनीको सम्पत्ति व्यवस्थापन, ग्राहकहरूको सेवा समाधान, तथा विक्रेताहरूसँगको अन्योल अझै टुंगोमा पुगेको छैन। दूरसञ्चार प्राधिकरणले टावरहरूको व्यवस्थापन तथा सम्पत्ति मूल्यांकनका लागि समिति गठन गरिएको बताएको छ। तर, गठित व्यवस्थापन समूहले अहिलेसम्म एउटै बैठक समेत बस्न सकेको छैन, मूल्य निर्धारण समितिको त गठन नै भएको छैन।

पीडितहरूले छिटो भन्दा छिटो समाधान निकाल्न माग गर्दै सरकारलाई दबाब बढाएका छन्।

# धुलिखेल–खावा सडक खण्डको ठेक्का रद्द





■ आर्थिक संस्कार

काभ्रे — जिल्लास्थित अरनिको राजमार्ग अन्तर्गत धुलिखेल–खावा सडक खण्डको ठेक्का रद्द गरिएको छ । सडक डिभिजन कार्यालय भक्तपुरले सूचना जारी गरेर धुलिखेल–खावा सडक खण्डको ठेक्का रद्द गरिएको जानकारी गराएको छ ।

धुलिखेल–खावा सडक खण्डको ४ किलोमिटर सडक विस्तार र स्तरोन्नति कार्यका लागि सडक डिभिजन कार्यालय भक्तपुर र निर्माण व्यवसायी गौरी–पार्वती निर्माण सेवा प्रालिबीच २२ महिनामा काम सक्नेगरी २०७९ जेठ २० गते सम्झौता गरिएको थियो । सम्झौताअनुसार आगामी २०८० चैत १९ सम्म काम सम्पन्न गरिसक्नुपर्ने थियो ।

३० करोड ७८ लाख २ हजार ३० रुपैयाँको लागतमा उक्त सडक खण्डको विस्तार तथा स्तरोन्नतिको कार्यलाई गौरी–पार्वती निर्माण सेवा प्रालिले २० करोड १९ लाख ४६ हजार रुपैयाँमा ठेक्का सम्झौता गरेको थियो । सडक डिभिजन भक्तपुर अन्तर्गत काभ्रेपलान्चोक जिल्लामा सञ्चालित ठेक्का नम्बरं DROBK T/33701138/078/79/15, Improvement Of Araniko Highway Dhulikhel Dolalghat Road Section NH34 Dhulikhel Khawa Section (30+000-34+155.47Km) निर्माण कार्यका लागि निर्माण व्यवसायी श्री गौरी पार्वती निर्माण सेवा प्रालि काठमाडौं र सडक डिभिजन भक्तपुरबीच २०७९–२–२० मा ठेक्का सम्झौता भई २०८०–१२–१९ सम्म सम्पूर्ण कार्य सम्पन्न गर्नुपर्ने सम्झौता भएता पनि हालसम्म खरिद सम्झौताको कार्यतालिका अनुसार भौतिक प्रगति अत्यन्त न्यून रहेकाले ठेक्का रद्द गरिएको डिभिजन कार्यालय भक्तपुरले जनाएको छ ।कार्यालय प्रमुख सुमन योगेशका अनुसार, निर्माण कार्य सुचारू गरी समयमा सम्पन्न गर्न यस अघि पटक–पटक पत्राचार गर्दासमेत चासो नदेखाएको, ठेक्का अन्त्यको कारबाही किन नगर्ने भनी सूचना प्रकाशन गर्दासमेत त्यस प्रालिले यस कार्यालयमा उपस्थित भई निर्धारित समयावधिभित्र पेश गरिएको लिखित स्पष्टीकरण सन्तोषजनक, भरपर्दो र विश्वसनीय नदेखिएको कारण निर्माण व्यवसायीलाई बारम्बार लिखित तथा मौखिक अनुरोध गरिए तापनि निजले सम्झौताका सर्तहरूअनुसार आफ्नो करारीय दायित्व पूरा नगरेको पाइयो।

Find us on

instagram.com/aarthik.sanskar/

# 'फेरि रेशम फिलिली'लाई प्रिमियरमा भनियो- 'बबाल रमाइलो'




■ आर्थिक संस्कार

शिवरात्रिको अवसर पारेर बुधबारबाट प्रदर्शनमा आएको ९ वर्षअघिको फिल्म 'रेशम फिलिली'को सिक्वेल 'फेरि रेशम फिलिली'ले मंगलबार साँझ ललितपुरको लबिम मलमा आयोजित प्रिमियरमा उत्साहजनक प्रतिक्रिया पाएको छ । प्रिमियरमा उपस्थित प्रायःले फिल्मको विषय उठान, कलाकारहरुको अभिनय र नव-निर्देशक निरोज महर्जनको कथावाचन शैलीको प्रशंसामा शब्द खर्चिए ।

निर्देशक तथा निर्माता अशोक शर्माले फिल्मलाई 'बबाल रमाइलो' भन्दै 'थम्सअप' गरे । 'ऊनको स्वीटर'बाट निर्देशनमा डेब्यु गरेका नविन चौहानले फिल्म राम्रो लागेको प्रतिक्रिया दिए । त्यस्तै, 'ए मेरो हजुर' सिरिजका निर्माता सुनिल कुमार थापाले फिल्म आफूले सोचेभन्दा राम्रो बनेको बताउँदै कामेश्वर चौरसियाको कामको तारिफ गरे ।

'पिताम्बर' फेम्ड निर्देशक कृषा चौलागाईंले फिल्म 'उत्कृष्ट' बनेको दाबी गरिन् । यो फिल्म नहेरे रमाइलो गर्नै विर्सिने उनको भनाइ थियो । अभिनेत्री ऋचा शर्माले 'कमेडी च्याम्पियन'पछि 'फेरि रेशम फिलिली' हेरेर आफूले 'एकदमै रमाइलो' लिएको बताइन् । अर्की अभिनेत्री शिल्पा मास्केले फिल्म 'मनोरञ्जक र सन्देशमुलक' रहेको प्रतिक्रिया दिइन् ।

प्रिमियरमा उपस्थित भएका निर्देशक तथा कवि उपेन्द्र सुब्बा, संगीतकार कालिप्रसाद बाँस्कोटा, निर्देशकहरु सुयोग गुरुङ, विशाल भण्डारी, कमेडियनहरु सुमन कार्की, भरतमणि पौडेल, कैलाश कार्की लगायतले पनि फिल्म रमाइलो बनेको बताउँदै दर्शकलाई हेर्न आग्रह गरे । प्रिमियरमा सबैभन्दा बढी तारिफ कलाकार कामेश्वर चौरसियाको अभिनयको भएको थियो ।

फिल्ममा विनय श्रेष्ठ, सुपुष्पा भट्ट, नीर शाह, कामेश्वर चौरसिया, महेश त्रिपाठी, प्रकाश घिमिरे, शिशिर वाङ्देल, रविन्द्र झा, लक्ष्मी गिरी, एवनराज उप्रेती, मेक्सम गौडेल, प्रकाश घिमिरे, सजन थापा लगायतको अभिनय छ । रौनक विक्रम कँडेलको निर्माण रहेको फिल्मको कार्यकारी निर्माता सुरज बम ठकुरी हुन् । फिल्मले नेपालीहरुको अमेरिका मोहको कथालाई हास्य शैलीमा भनेको छ ।

# 'वरिष्ठ बलराम' आगामी लक्ष्मी पूजामा रिलिज हुने

■ आर्थिक संस्कार

काठमाडौँ । 'वरिष्ठ बलराम' सुटिङका लागि फ्लोरमा निस्किने तयारीमा रहेको फिल्म हो । फिल्मको छायाङ्कन अगाडि नै रिलिज मिति निर्धारण गरिएको छ । निर्माण युनिटले फिल्म आगामी लक्ष्मी पूजाका दिन कात्तिक ३ गते रिलिज गर्ने घोषणा गरेको छ ।

फिल्म सुरेन्द्र पौडेलले निर्देशन गर्न लागेका हुन् । दयाहाङ राई, विजय बराल, पशुपति राई, समृद्धि अर्याल, माओत्से गुरुङलगायत कलाकारको अभिनय रहने फिल्ममा आशिस एच तामाङ र श्रीराज कार्की निर्माताको रूपमा छन् ।

निर्देशक पौडेलकै कथा र सम्पादन रहने फिल्मको पटकथा महेश दवाडीले लेखेका छन् । फिल्मको छायाङ्कन अर्को साताबाट बताइएको छ ।

सामाजिक कथावस्तुमा आधारित 'वरिष्ठ बलराम'को छायाङ्कन तराईका विभिन्न स्थानमा हुनेछ । फिल्म मनकृष्ण महर्जनले खिच्नेछन् ।

तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको फिल्ममा प्रशान्त शिवाकोटीको संगीत, सम्राट् शाक्य एक्सन निर्देशन, प्रदीप लामाको कोरियोग्राफी रहनेछ ।

'वरिष्ठ बलराम' वृषभ सिद्धी इन्टरटेनमेन्टको ब्यानरमा निर्माण हुन लागेको हो ।




सामाजिक कथावस्तु पस्किने चलचित्र सन्देशमूलकसँगै मनोरञ्जन प्रधान हुने निर्देशक पौडेलले जानकारी दिए। उनले थपे, "यो चलचित्रले समाजका प्रमुख समस्या र चुनौतीहरूलाई पर्दामा उतार्ने प्रयास गरेको छ, जसले दर्शकलाई न केवल सोच्न बाध्य पार्नेछ, तर उनीहरूलाई वास्तविक जीवनसँग जोडिने अनुभव पनि दिन्छ।"

निर्देशक पौडेलले चलचित्रको कथा र घटनाक्रमलाई यथार्थपरक तरिका अपनाएर प्रस्तुत गरेको बताए। उनले भने, "हामीले यसमा समाजका विभिन्न पक्षहरूको विश्लेषण गरेका छौं र यसका माध्यमबाट सन्देश दिनका लागि मनोरञ्जनात्मक तत्वलाई पनि समावेश गरेका छौं।"

च

लचित्रमा अभिनय गर्ने कलाकारहरू पनि सामाजिक समस्यामा आधारित कथामा वास्तविकता र भावनालाई प्रभावकारी रूपमा प्रस्तुत गर्न तयार छन्। निर्देशक पौडेलले यस चलचित्रको निर्देशनमा नयाँ प्रयोग र नविनतम दृष्टिकोण प्रस्तुत गरेको र दर्शकहरूको मन जित्ने विश्वास व्यक्त गरेका छन्।

यस चलचित्रको उद्देश्य केवल मनोरञ्जन दिन मात्र नभइ, समाजमा सकारात्मक परिवर्तन ल्याउने सन्देश फैलाउनु पनि हो। पौडेलका अनुसार, "समाजलाई जागरूक बनाउन र सकारात्मक प्रभाव पार्न सिनेमा एक शक्तिशाली माध्यम हो, र हामी यसलाई इन्फोर्मेटिभ र मनोरञ्जनात्मक बनाइरहेका छौं।"

# सामाजिक कथावस्तु पस्किने चलचित्र सन्देशमूलकसँगै मनोरञ्जन प्रधान हुने निर्देशक पौडेलले जानकारी दिए ।

■ आर्थिक संस्कार

काठमाडौँ । महाशिवरात्रिको अवसर पारेर बुधबारबाट रिलिजमा आएको फिल्म हो 'मायावी' । बुधबार बिदाको दिनमा सुखद ओपनिङ गरेको फिल्मको कथालाई समेत दर्शकले मन पराएका छन् ।

तर, फिल्म 'मायावी' रिलिजको दिनबाटै टिकटकमा पाइरेसी भएको छ । फिल्मको महत्त्वपूर्ण दृश्य समेत टिकटकमा भाइरल छन् । जसले दर्शकको फिल्म प्रति उत्सुकतालाई कम गराउन सक्छ । टिकटकमा फिल्मको क्लाइमेक्स समेत खिचेर दर्शकले पोस्ट गरेपछि निर्माण पक्ष केही तनावमा पनि देखिएको छ ।

फिल्मका लेखक तथा निर्देशक दिवाकर भट्टराई ले महत्त्वपूर्ण दृश्य खिचेर टिकटकमा नराखिदिन आग्रह गरेका छन् । काठमाडौँ महाशिवरात्रिको अवसर पारेर बुधबारबाट रिलिजमा आएको फिल्म हो 'मायावी' ।मायावी फिल्मको पाइरेसीको समस्या सँगै, निर्माण पक्षले यसको प्रचार र वितरणमा थप सतर्कता अपनाउने योजना बनाएको छ।




लेखक र निर्देशक दिवाकर भट्टराईले टिकटकमा फिल्मका दृश्यहरू पोस्ट नगर्न र पाइरेसी रोक्नका लागि सक्रिय कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले भने, "हामीले पाइरेसी रोक्नका लागि कानूनी र प्राविधिक उपायहरू अवलम्बन गर्दै, दर्शकलाई फिल्मलाई सिनेमा हलमै हेर्न प्रोत्साहित गर्ने प्रयास गर्नेछौं।"

फिल्मको कथा र अभिनयप्रति दर्शकको सकारात्मक प्रतिक्रिया प्राप्त भइरहँदा पनि पाइरेसीको असरले व्यापारमा केही चुनौती पुर्‍याउन सक्छ। यद्यपि, निर्माण युनिटले विश्वास व्यक्त गरेको छ कि फिल्मको वर्ड अफ माउथ र राम्रो प्रतिक्रिया आउने कारण आगामी दिनहरूमा यसको व्यापार अझ बढ्नेछ।

फिल्मका कलाकारहरूले पनि दर्शकको उत्साहलाई मन पराएका छन् र उनीहरूले यसको सफलतामा योगदान पुर्याउने विश्वास व्यक्त गरेका छन्। पल शाह र दीपिका प्रसाईँको जोडीको अभिनय विशेष रूपमा प्रशंसा गरिएको छ। उनीहरूको सम्वेदनशील अभिनय र कथा बन्धनले फिल्मलाई थप आकर्षक बनाएको छ।मायावी फिल्मको पाइरेसीको समस्या सँगै, निर्माण पक्षले यसको प्रचार र वितरणमा थप सतर्कता अपनाउने योजना बनाएको छ।

लेखक र निर्देशक दिवाकर भट्टराईले टिकटकमा फिल्मका दृश्यहरू पोस्ट नगर्न र पाइरेसी रोक्नका लागि सक्रिय कदम चाल्ने प्रतिबद्धता व्यक्त गरेका छन्। उनले भने, "हामीले पाइरेसी रोक्नका लागि कानूनी र प्राविधिक उपायहरू अवलम्बन गर्दै, दर्शकलाई फिल्मलाई सिनेमा हलमै हेर्न प्रोत्साहित गर्ने प्रयास गर्नेछौं।"

फिल्मको कथा र अभिनयप्रति दर्शकको सकारात्मक प्रतिक्रिया प्राप्त भइरहँदा पनि पाइरेसीको असरले व्यापारमा केही चुनौती पुरयाउन सक्छ। यद्यपि, निर्माण युनिटले विश्वास व्यक्त गरेको छ कि फिल्मको वर्ड अफ माउथ र राम्रो प्रतिक्रिया आउने कारण आगामी दिनहरूमा यसको व्यापार अझ बढ्नेछ।

फिल्मका कलाकारहरूले पनि दर्शकको उत्साहलाई मन पराएका छन् र उनीहरूले यसको सफलतामा योगदान पुर्याउने विश्वास व्यक्त गरेका छन्। पल शाह र दीपिका प्रसाईँको जोडीको अभिनय विशेष रूपमा प्रशंसा गरिएको छ। उनीहरूको सम्वेदनशील अभिनय र कथा बन्धनले फिल्मलाई थप आकर्षक बनाएको छ।

# च्याम्पियन्स ट्रफीको समूह चरणबाटै बाहिरियो इंग्ल्याण्ड

■ आर्थिक संस्कार



ग्ल्याण्ड च्याम्पियन्स ट्रफीको समूह चरणबाटै बाहिरिएको छ।

गएराति लाहोरको गद्दाफी स्टेडियममा अफगानिस्तानसँग ८ रनले पराजित हुँदै इंग्ल्याण्ड अन्तिम खेलअगावै समूह चरणबाट बाहिरिएको हो।

यसअघि पहिलो खेलमा इंग्ल्याण्ड अस्ट्रेलियासँग पराजित भएको थियो। त्यतिबेला ३५२ रन जोडेपनि इंग्ल्याण्ड पराजित हुन पुगेको थियो।

गएराति अफगानिस्तानले दिएको ३२६ रनको लक्ष्य पछ्याएको इंग्ल्याण्ड एक बल बाँकी छँदा सबै विकेट गुमाएर ३१७ रनमा समेटिएको थियो।

इंग्ल्याण्डका लागि जोय रूटले १२० रन बनाएका थिए। उनले १११ बल खेलेर ११ चौका र १ छक्का हाने।

बेन डकेट र कप्ता जोश बट्लरले ३८/३८ रन बनाएका थिए। जेमी ओभरटले ३२ र ह्यारी ब्रुकले २४ रन जोडे। बलिङतर्फ अजअनउल्लाह ओमरजईले ५ विकेट लिए। मोहम्मद नाबीले २ तथा फजलहक फारूकी, रसिद खान र गुलबदिन नइबले १/१ विकेट लिए।

पहिले ब्याटिङ गरेको अफगानिस्तानले ७ विकेट गुमाएर ३२५ रन बनाएको थियो। यस क्रममा, अफगानिस्तानका ओपनर इब्राहिम जद्रानले उत्कृष्ट प्रदर्शन गर्दै १७७ रन बनाए। उनले १४६ बलमा १२ चौका र ६ छक्का हाने।

अजमतउल्लाह ओमरजईले ४१ रन बनाए भने कप्तान हशमतउल्लाह शाहिदी र मोहम्मद नाबीले ४०/४० रन जोडेका थिए। अफगानिस्तानको कुल स्कोर ३२५ रन पुग्नमा यी खेलाडीहरूको महत्वपूर्ण योगदान थियो।

अब इंग्ल्याण्डको अन्तिम खेल दक्षिण अफ्रिकासँग र अफगानिस्तानको अस्ट्रेलियासँग खेल्नेछ। दक्षिण अफ्रिका समूहको शीर्ष स्थानमा र अस्ट्रेलिया दोस्रो स्थानमा छ, दुवैसँग तीन अंक छन्।

अफगानिस्तानको उत्कृष्ट प्रदर्शनपछि, अब इंग्ल्याण्ड र अफगानिस्तानको लागि आगामी खेलहरू अत्यन्तै महत्त्वपूर्ण बन्नेछन्। अफगानिस्तानको ३२५ रनको लक्ष्य पार गर्न इंग्ल्याण्ड र दक्षिण अफ्रिकाका बीचको खेल र अस्ट्रेलिया र अफगानिस्तानका बीचको खेल निर्णायक हुने सम्भावना छ। इंग्ल्याण्डका लागि, उनीहरूको खेल दक्षिण अफ्रिकासँग खेल्न बाँकी छ र यस खेलमा जित सुनिश्चित गर्नुपर्छ यदि उनीहरूले प्लेअफमा स्थान बनाउन चाहन्छन् भने। यस खेलमा इंग्ल्याण्डको ब्याटिङ र बलिङ दुवैको चुनौती हुनेछ, र उनीहरूले अफगानिस्तानको रन चेज गर्नको लागि कडा प्रतिस्पर्धा गर्नु पर्नेछ।



# म्यानमारसँग भिड्ने नेपाली टोलीमा दुई परिवर्तन

■ आर्थिक संस्कार

चारदेशीय अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको उपाधिका लागि नेपाल र म्यानमारबीच प्रतिस्पर्धा हुँदैछ ।

दशरथ रंगशालामा साँझ ६ बजेबाट शुरु हुने खेलमा दुबै टोलीले प्लेइङ ११ घोषणा गरेका छन् । नेपालका मुख्य प्रशिक्षक राजेन्द्र तामाङले यसअघि समूह चरणमा म्यानमारविरुद्ध खेलको प्लेइङ सेटमा दुई परिवर्तन गरेका छन् ।

आजको खेलमा गोलरक्षक तथा कप्तान अञ्जिला तुम्बाप्पो सुब्बा र फर्वाड रेखा पौडेलले प्लेइङ ११ मा मौका पाउँदा अञ्जना राना र फर्वाड रश्मीकुमारी घिसिङलाई बेन्चमा राखिएको छ ।

यस्तो छ नेपालको प्लेइङ-११

एन्जिला तुम्बापो सुब्बा (कप्तान/गोलकिपर), रेनुका नगरकोटी, विमला विक, पूजा राना, समीक्षा घिमिरे, गीता राना, सरु लिम्बु, प्रीति राई, रेखा पौडेल, सविता राना मगर र सावित्रा भण्डारी ।

BRANDTALK

# रेनुका अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको सर्वोत्कृष्ट खेलाडी

■ आर्थिक संस्कार

अन्तर्राष्ट्रिय महिला च्याम्पिनसिपमा नेपाली टोलीकी मिडफिल्डर रेनुका नगरकोटे सर्वोत्कृष्ट खेलाडी घोषित भएकी छिन्।

घाइते भएर पछिल्लो वर्ष मैदान फर्किएकी रेनुका त्यसअघि कप्तान थिइन्। रेनुका घाइते भएपछि एन्जिला तुम्बापो सुब्बालाई कप्तान बनाइएको थियो।

पछिल्लो समय रेनुकाले मिडफिल्डमा उत्कृष्ट खेल्दै आएकी छिन्। महिला च्याम्पिनयसिपमा उत्कृष्ट घोषित भएसँगै उनले ५० हजार रुपैयाँ प्राप्त गरिन्।

**नेपाल फेरि उपविजेता**

अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपमा नेपाल उपविजेता बनेको छ।

बुधबार दशरथ रंगशाला भएको अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिपको उपाधि भिडन्तमा घरेलु टोली नेपालले फिफा वरीयतामा आफूभन्दा ४८ स्थानमाथिको म्यानमारसँग २-० गोलको हार बेहोर्दा अर्को फाइनलमा पनि उपविजेतामा चित्त बुझाउनु परेको हो।



यससँगै नेपालले औपचारिक र अनौपचारिक प्रतियोगिता गरी १३ वटा फाइनलमा हार बेहोर्ने नमिठो यथार्थ आत्मसात गर्नपर्‍यो। नेपालले सन् २०१० यता छ वटा महिला साफ च्याम्पियनसिप, तीन वटा साग गेम्स, एक वाफ विमेन्स च्याम्पियनसिप र अन्य तीन वटा अनौपचारिक प्रतियोगिताको फाइनलमा स्थान बनाए पनि उपाधि भने जित्न सकेको छैन।

बुधबार भएको खेलको पहिलो हाफ गोलरहित बराबरीमा सकिए पनि दोस्रो हाफको दुई मिनेटको अन्तरमा दुई गोल खाएको थियो।खेलको ६२ मिनेटमा म्यानमारले अग्रता लिएको थियो।

उसका लागि नो पो खिनले गोल गर्दै दशरथ रंगशालामा उपस्थित १५ हजार ५ सय बढी घरेलु दर्शकलाई स्तब्ध पारिन्। उनले डिबक्स नजिकबाट बल कुदाएर दोस्रो बार च्याप्दै बललाई जाली चुमाउँदा नेपाल दर्शक शान्त हुन बाध्य भए।

दुई खेल मिनेटपछि म्यानमारले अग्रता दोब्बर पार्‍यो। म्यानमारकी कप्तान विन तुनले डिबक्स नजिकबाट हानेको प्रहार नेपालकी गोलकिपर एन्जिला तुम्बापो सुब्बाको खुट्टामा लागेर गोल भयो। नेपालकी डिफेन्डर गीता रानाले एन्जिलाको खुट्टाबाट फुत्किएको बल रोक्ने प्रयास गरे पनि सफल हुन सकिनन्। त्यसअघि खेलको १० औं मिनेटमा एन्जिलाले यन वादीको प्रहार विफल पारिन्।

२४ मिनेटमा नेपालकी डिफेन्डर विमला विकले गोललाइनबाट बल क्लियर गर्दै नेपालको संकट टारिन्। त्यसअघि म्यानमारकी सान्थ्वोले डिबक्स भित्रबाट सशक्त प्रहार गरेकी थिइन्, जसको प्रतिकार विमला विकले सही समयमा गरेर गोल रोक्न महत्त्वपूर्ण भूमिका निभाइन्। यस खेलमा नेपालको डिफेन्सखेलको ३५ मिनेटमा नेपालले गोल गर्ने एक सुन्दर मौका खेर फाल्यो। नेपालको आक्रमणको प्रयास राम्रो थिएन, र मौका गुमाउनुले टिमलाई थप दबाबमा पुर्याएको थियो।ले कडा संघर्ष गरेको देखिन्थ्यो।

Visit Our Website

# आर्मीलाई हराउँदै पुलिसले जित्यो सनस्टार कप




■ आर्थिक संस्कार

रोल्पामा भएको सन स्टार कप भलिबल प्रतियोगितामो उपाधि नेपाल पुलिस क्लबले जितेको छ।

लिबाङस्थित टुडिखेलमा बुधबार भएको फाइनल खेलमा त्रिभुवन आर्मी क्लबलाई पराजित गर्दै नेपाल पुलिस क्लबले उपाधि जितेको हो।

जितसँगै नेपाल पुलिस क्लबले पाँच लाख पुरस्कार, कप र मेडल प्राप्त गरेको छ। उपविजेता त्रिभुवन आर्मी क्लबले साढे दुई लाख रुपैयाँ ट्रफी र मेडल प्राप्त पायो।

बुधबार मध्याह्न १२ बजेदेखि सुरु भएको फाइनल भिडन्तमा नेपाल पुलिस क्लब र त्रिभुवन आर्मी क्लबका बीच पाँच सेटमा खेल भएको थियो। जसमा पहिलो सेट २५–१८, दोस्रो २०–२५, तेस्रो २५–१४ र चौथो सेट २५–२३ को अंक अर्थात ३ –१ सेटले पुलिस क्लबले जित हासिल गरेको थियो।

त्यसअघि बुधबार बिहान ९ बजेदेखि कोशी र लुम्बिनी प्रदेशका बीच प्रतिस्पर्धा भएको थियो। खेलमा कोशीले लुम्बिनीलाई हराउँदै तृतीय बन्यो। यी दुई प्रदेशबीचको पहिलो सेट २६–२४, दोस्रो १६–२५, तेस्रो २५–१६ र चौथो २८–२६ अर्थात ३ –१ को सेटमा कोशीले जितेको थियो। तृतीय भएको कोशीले एक लाख पुरस्कार जित्यो भने चौथो भएको लुम्बिनी प्रदेशले ५० हजार पुरस्कार प्राप्त गरेको सनस्टार युवा क्लबका अध्यक्ष पूर्ण केसीले जानकारी दिए।

फागुन १० शनिबारदेखि प्रतियोगिता सुरु भएको थियो।सनस्टार युवा क्लबको १३औँ वार्षिक उेत्सवको अवसर पारेर आयोजना गरिएको दोस्रो राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा दुई विभागीय टिम त्रिभुवन आर्मी क्लब,नेपाल पुलिस क्लबसहित चार प्रदेशहरु सहभागी थिए।

जसमा कोशी प्रदेश, मधेस प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश तथा आयोजक सनस्टार युवा क्लब गरी सात टिमको सहभागिता थियो।

साथै जिल्लास्तरीय खुल्ला महिला भलिबल प्रतियोगिता पनि भएको छ। महिला भलिबलको उपाधि भने रोल्पाकै परिवर्तन गाउँपालिकाले जितेको छ। फाइनल भिडन्तमा सुनिलस्मृति गाउँपालिकालाई ३–० को सोझो सेटमा पराजित गर्दै परिवर्तनले उपाधि जितेको हो।

प्रथभ भएको परिवर्तनले ५५ हजार नगद, ट्रफी र मेडल प्राप्त गर्‍यो। उपबिजेता बनेको सुनिल स्मृतीले ३५ हजार रुपैयाँ , तृतिय भएका रोल्पा नगरपालिकाले १५ हजार र चौथो भएको लुङ्ग्री गाउँपालिकाले १० हजार पुरस्कार प्राप्त गरे। जिल्लास्तरीय खुल्ला महिला भलिबल प्रतियोगितामा जिल्लाका आठ टिमबीच प्रतिस्पर्धा भएको थियो।

जस्मा थबाङ, परिवर्तन माडी, त्रिवेणी, सुनिल स्मृति, लुङ्ग्री, सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका गरी आठ टिमले प्रतियोगितामा सहभागिता जनाएका थिए। उक्त प्रतियोगिता जिल्लाका विभिन्न स्थानीय तहहरूको सहभागितामा आयोजित गरिएको थियो।

तर, जिल्लाका दुई स्थानीय तह गंगादेव र रुन्टिगढी गाउँपालिकाले भने प्रतियोगितामा भाग लिएका थिएनन्। यी गाउँपालिकाहरूले विभिन्न कारणले प्रतियोगितामा सहभागी नगर्नु पर्ने निर्णय गरेका हुन सक्छन्, जसले प्रतियोगितामा केही सीमितता ल्याएको देखिन्छ। यद्यपि, प्रतियोगितामा सहभागी भएका अन्य आठ टिमहरूले आफ्नो प्रतिस्पर्धात्मक भावना देखाएका थिए।प्रतियोगिता विभिन्न स्थानीय तहहरूका लागि एक महत्त्वपूर्ण सामाजिक र सांस्कृतिक अवसरको रूपमा रहेको थियो। जस्मा थबाङ, परिवर्तन माडी, त्रिवेणी, सुनिल स्मृति, लुङ्ग्री, सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिका लगायत आठ टिमहरूको सहभागिता यस प्रतिस्पर्धालाई रोचक बनाएको थियो।प्रतियोगिता स्थानीय खेल र सांस्कृतिक परंपराहरूलाई प्रोत्साहन दिने उद्देश्यले आयोजना गरिएको थियो। यसमा खेलकुद मात्र नभएर स्थानीय एकता र सहभागिता बढाउने कुरामा पनि विशेष ध्यान दिइएको थियो।